# प्रमाणीकरण (दस्तुर) नियमावली, २०२४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२४।५।५

नेपाल सरकार परराष्ट्र मन्त्रालय र विदेशस्थित मिशनहरूले लिखत प्रमाणीकरण गर्ने विषयको कार्यविधिलाई नियमित गर्न आवश्यक भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रमाणीकरण (दस्तुर) नियमावली, २०२४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "विदेशस्थित मिशन" भन्नाले विदेशमा रहेका नेपाली दूतावास, वाणिज्य महादूतावास र वाणिज्य दूतावास तथा ट्रेड एजेन्सीलाई समेत सम्झनु पर्दछ,

(ख) "प्रमाणीकरण" भन्नाले कुनै अड्डा वा अदालत वा सरकारी कार्यालयको रेकर्डमा रहेको वा त्यस्ता अड्डा अदालत वा कार्यालयबाट प्रमाणित गरिएको कुनै लिखत सो रेकर्डमा रहे वा प्रमाणित गरिए बमोजिमको हो भनी प्रमाणित गर्ने कामलाई सम्झनु पर्छ ।

३. **प्रमाणीकरण गर्दा पुऱ्याउनुपर्ने रीत** : (१) कसैले कुनै लिखत नेपाल सरकार परराष्ट्र मन्त्रालय वा कुनै विदेशस्थित मिशनबाट प्रमाणीकरण गराइ माग्नु परेमा प्रमाणीकरण गराई माग्नुपर्नाको कारण स्पट खोली प्रमाणीकरण गराइ माग्नु परेको लिखत समेत नत्थी गरी सो मन्त्रालय वा विदेशस्थित मिशनमा दरखास्त दिनु पर्छ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएपछि सो जाँच्नु बुझ्नु पर्ने जाँची बुझी प्रमाणीकरण गरिदिनु हुने ठहरे नेपाल सरकारको राजपत्राङ्कित अधिकृतसम्मका दर्जाको अधिकारीले यस कामका निमित्त प्रमाणीकरण गरिदिएको छ भनी जनाइ प्रमाणीकरण गरी आफ्नो कार्यालयको छाप समेत लगाई दिनु पर्दछ ।

४. **दरखास्त दस्तुर** : नियम ३ को उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्तिले प्रमाणीकरण गर्नु पर्ने प्रत्येक लिखतको रु. २५।- का दरले दरखास्त साथ दरखास्त दस्तुर दाखिल गर्नु पर्दछ ।

तर विदेशमा भए राष्ट्र बैङ्कको सटही गर्ने दरले हुने अङ्क कायम गरी सम्बन्धित देशको मुद्रामा नै यस्तो दस्तुर लिनु पर्दछ ।

५. **<u>दस्तुर नलाग्ने</u>** : यो नियम बमोजिम दस्तुर बुझाइ एक पटक प्रमाणीकरण गराइ लिइ सकेको लिखतलाई फेरी प्रमाणीकरण गराउन परेमा सोही व्यहोरा खुलाइ नियम ३ बमोजिमको दरखास्त मात्र दिए पुग्दछ । दरखास्त दस्तुर लिई बुझाइरहनु पर्दैन ।

६. **<u>स्रेस्ता खडा गर्नु पर्ने</u>** : नेपाल सरकार परराष्ट्र मन्त्रालय र विदेशस्थित मिशनले यस नियम बमोजिम प्रमाणीकरण भै जाने लिखतको विवरण स्पष्ट गरी यस विषयको स्रेस्ता खडा गरी राख्नु पर्दछ ।

७. **<u>प्रमाणीकरण गर्ने व्यवस्था</u>** : नेपालभित्र रहेका विदेशी कुटनैतिक प्रतिनिधि वा संस्थासँग सरोकार भएको वा नेपालबाहिरको काम कारबाहीसँग सम्बन्धित भएको कामको निमित्त मात्र यो नियमावली बमोजिम लिखतको प्रमाणीकरण हुन सक्नेछ ।

८. **<u>हक वा सुविधा-प्रतिकूल-प्रभाव नपर्ने</u>**: यस नियमावली बमोजिम कुनै लिखतको प्रमाणीकरण भएको कारणले मात्र प्रचलित कानून बमोजिमको कसैको कुनै हक वा सुविधालाई प्रतिकूल प्रभाव पार्ने छैन ।

नेपाल कानून आयोग

---

<u>द्रष्टव्य</u> : केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरू :
"अफिस" को सट्टा "कार्यालय" ।